# मिडिया काउन्सिल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०

## वकालत पत्र

## परिचय

पत्रकारिताको क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जबाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्ने उद्देश्यले प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनाइएको मिडिया काउन्सिल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० हाल राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिबाट प्रतिवेदन सहित अगाडि बढाई मिति २०८१ वैशाख ६ गते राष्ट्रिय सभामा प्रस्तुत गरिएको थियो ।

यस विधेयकले मूलतः स्वायत्त मिडिया काउन्सिलको गठन, आचार संहिता, स्वनियमन र स्वमूल्याङ्कन, प्रेस प्रतिनिधि, क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको छ भने अनलाइन पत्रकारितालाई पनि समेटेको छ । यस विधेयकमा केही सैद्धान्तिक तथा व्यवहारिक समस्याहरू रहेका छन् ।

विधेयकका उल्लेखनीय व्यवस्थाहरू यस प्रकार रहेका छनः

### १) प्रेस काउन्सिललाई मिडिया काउन्सिलको रूपमा रूपान्तरण

यस मिडिया काउन्सिल विधेयकले अहिलेको प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा परिवर्तन गर्न लागेको देखिन्छ । यो विधेयक ऐनका रूपमा आएपछि यसले प्रेस काउन्सिल ऐन २०४८ लाई खारेज गर्नेछ (दफा ३७)। सञ्चार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोग २०६९ को प्रतिवेदनले मिडिया काउन्सिलको अवधारणा तयार गर्दै मिडिया काउन्सिल गठन गर्ने सुझाव दिएको थियो ।

### २) संरक्षण तथा स्वनियमन प्रवर्द्धनको उद्देश्य

विधेयकको प्रस्तावनामा स्वच्छ, स्वतन्त्र र जबाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रूपमा मिडिया काउन्सिलको स्थापना गरिने उल्लेख छ । विधेयकले लिएको पत्रकारिता संरक्षण तथा स्वनियमन प्रवर्द्धनको उद्देश्य स्वागतयोग्य रहेको छ। त्यस्तै प्रस्तावनामा नै मिडिया काउन्सिल स्वायत्त निकायका रूपमा रहने प्रतिबद्धता पनि स्वागतयोग्य रहेको छ ।

### ३) अनलाइन पत्रकारिताको परिभाषा

यस मिडिया काउन्सिल विधेयकले अनलाइन मिडियालाई पनि नियमनको क्षेत्राधिकार भित्र ल्याएको छ । हाल प्रचलनमा रहेको प्रेस काउन्सिल ऐनले अनलाइन मिडियालाई नसमेटेकोले अवस्थालाई सम्बोधन गर्न विधेयकले अनलाइन मिडियाको परिभाषा गरेको छ। तर अनलाइन मिडियालाई यस विधेयकले जसरी परिभाषित र व्यवस्था गरेको छ त्यसमा भने पुनर्विचार गर्नु पर्ने देखिन्छ ।

### ४) क्षतिपूर्ति सम्बन्धी व्यवस्था

विधेयकको दफा २२ ले 'कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानी नोक्सानी भएको अवस्थामा त्यस्तो व्यक्तिले क्षतिपूर्तिको दाबी सहित सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकार विरुद्ध सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्नेछ' भन्ने व्यवस्था गरेको छ। मानहानि जस्ता मुद्दा व्यक्तिवादी हुने र क्षतिपूर्तिको व्यवस्था गर्ने यो प्रावधान स्वागतयोग्य रहेको छ ।

# विधेयकमा रहेका मुख्य समस्या र संशोधन गर्नु पर्ने विषय

सरकारद्वारा प्रस्तावित यस विधेयकमा केही सैद्धान्तिक तथा व्यवहारिक समस्याहरू रहेका छन् । विधेयकमा देखिएका मुख्य समस्याजनक प्रावधानहरू निम्नलिखित बुँदाहरूमा प्रस्ट्याइएको छ ।

## १) स्वतन्त्र पत्रकारिताको सुनिश्चितता

विधेयकको दफा ३ ले 'स्वच्छ, मर्यादित र जबाफदेही पत्रकारिताको विकासका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना गरिने' व्यवस्था गरेको छ। प्रस्तावनामा 'स्वच्छ, स्वतन्त्र र जबाफदेही पत्रकारिता' भनिएकोमा यस प्रावधानमा 'स्वतन्त्र' लाई हटाई 'मर्यादित' बनाइएको छ। नेपालको संविधानले प्रस्तावनामा सुनिश्चित गरेको 'पूर्ण प्रेस स्वतन्त्रता' को मान्यता विपरीत प्रस्तावित दफा ३ ले स्वतन्त्र शब्दलाई हटाएको छ । त्यसैले, पत्रकारिताको स्वतन्त्रताको सुनिश्चित गर्नु पर्नेमा विधेयक नियन्त्रण तर्फ जाने देखिन्छ ।

सरकारले स्वतन्त्र पत्रकारिताका लागि आवश्यक नीति, नियम, कानुन, संयन्त्र, स्रोत आदि सुनिश्चित गर्न प्रयास गर्ने हो, पत्रकारितालाई मर्यादित बनाउने मिडिया क्षेत्र आफैले हो । सरकारले कानुन बनाएर मर्यादित बनाउने होइन ।

### सुझाव:

- **काउन्सिलले मर्यादित पत्रकारितामा नभई स्वतन्त्र पत्रकारितामा जोड दिनुपर्छ, जसमा दफा ३ मा रहेको मर्यादित शब्द हटाई स्वतन्त्र शब्द राखिनु पर्छ ।**

## २) काउन्सिलको स्वतन्त्रता र स्वायत्तता

विधेयकको दफा ३ ले 'स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना गरिने' व्यवस्था गरेको छ। यस प्रावधानमा मिडिया काउन्सिललाई 'स्वायत्त नियामक निकाय'का रूपमा उल्लेख गरे पनि 'स्वतन्त्र' निकायका रूपमा उल्लेख गरिएको छैन । मिडिया काउन्सिलको स्थापना गर्ने कानुनमै काउन्सिलको स्वतन्त्रता र स्वायत्तता सुनिश्चित गरिनु एकदमै महत्त्वपूर्ण हुन्छ ।

विधेयकको दफा ६(८) ले 'सूचना तथा प्रसारण विभागको महानिर्देशकले काउन्सिलको सचिव भई काम गर्ने' व्यवस्था गरेको छ। कुनै पनि संस्थाको स्वतन्त्रता उक्त संस्था प्रशासनिक तथा आर्थिक रूपमा कत्तिको स्वायत्त छ, स्वतन्त्र छ भन्ने कुरामा महत्त्वपूर्ण भूमिका खेल्छ । सामान्यतया संस्थाको प्रशासनिक तथा आर्थिक अधिकार सचिवसाग हुने र उक्त सचिव सूचना तथा प्रसारण विभागको महानिर्देशक हुने व्यवस्थाले मिडिया काउन्सिलको प्रशासनिक तथा आर्थिक स्वतन्त्रतामा असर पर्ने हुन्छ। अन्तर्राष्ट्रिय अभ्यास हेर्दा मिडिया काउन्सिलहरूमा सकेसम्म कम सरकारी सहभागिता हुन्छ भने काउन्सिलले आफ्नो प्रशासनिक तथा आर्थिक व्यवस्थापन आफैले नियुक्त गरेको अधिकारीमार्फत गर्दछन् । यस्तो व्यवस्थाले मिडिया काउन्सिललाई स्वतन्त्र तथा स्वायत्त भई काम गर्न सहयोग पुराउँछ ।

साथै प्रस्तावित विधेयकले काउन्सिलको सचिवको काम कर्तव्य अधिकार के हुन् भन्ने बारेमा कुनै व्यवस्था गरेको छैन ।

### सुझाव:

- **काउन्सिललाई स्वायत्त मात्र नभनी स्वतन्त्र तथा स्वायत्त निकायका रूपमा व्यवस्था गरिनु पर्छ।**
- **काउन्सिलको सचिव काउन्सिल आफैले नियुक्त गर्ने व्यवस्था सुनिश्चित गरिनुपर्छ।**
- **काउन्सिलको प्रशासनिक र आर्थिक स्वायत्तता सुनिश्चित गरिनु पर्छ।**

## ३) काउन्सिलको गठन

**१) सिफारिस समितिको स्वतन्त्रता:** विधेयकको दफा ६(२)ले तिन सदस्यीय सिफारिस समितिको व्यवस्था गरेको छ, जसमा मन्त्रालयको सचिव संयोजक, सहसचिव सदस्य र नेपाल सरकारले तोकेको विज्ञ सदस्यका रूपमा रहेका छन् । समितिका ३ सदस्य मध्ये २ जना मन्त्रालयकै कर्मचारी हुने र विज्ञ पनि सरकारले नै तोक्ने हुादा सदस्यहरू सरकारबाट स्वतन्त्र नहुने र काउन्सिल आफैमा स्वतन्त्र नहुने अवस्था समेत सिर्जना हुनसक्छ । त्यसै गरी 'अध्यक्षको नियुक्ति नेपाल सरकारले गर्ने' व्यवस्था भएकाले सिफारिस समितिको क्षेत्राधिकार सङ्कुचित छ ।

**३) काउन्सिलको संरचना:** विधेयकको दफा ६(१)(क)ले 'नेपाल सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष' र मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत' वरिष्ठतम सदस्यका रूपमा रहने व्यवस्था गरेको छ (दफा ६(१)) । स्वतन्त्र पत्रकारिताको विकासका लागि स्वतन्त्र र स्वायत्त निकायका रूपमा काउन्सिलको परिकल्पना गरिएको मिडिया काउन्सिलमा सरकारको प्रतिनिधिका रूपमा मन्त्रालयले तोकेको सरकारी कर्मचारी रहादा त्यो निकाय स्वतन्त्र र स्वायत्त हुनेछ भनी कल्पना गर्न सकिदैन ।

### सुझाव:

- काउन्सिलको स्वतन्त्रता र स्वायत्तता सुनिश्चित गर्न सरकारको न्यूनतम हस्तक्षेप रहने व्यवस्था गरिनु पर्छ।
- सिफारिस समिति सम्बन्धी व्यवस्था संशोधन गरी भिन्न सरोकारवालाहरूको प्रतिनिधित्व हुने व्यवस्था गरिनु उपयुक्त हुन्छ।
- यसका लागि काउन्सिलको गठनसम्बन्धी व्यवस्था, सिफारिस समिति सम्बन्धी व्यवस्था, अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था, काउन्सिलको बजेटसम्बन्धी व्यवस्थामा परिमार्जन गरिनुपर्छ।

## ४) सङ्घीयताको अवधारणाको उपेक्षा

विधेयकको दफा ३(२) मा काउन्सिलको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ भन्ने व्यवस्था छ । प्रादेशिक रूपमा काउन्सिलको कस्तो संरचना रहने वा प्रदेशहरूलाई समेट्ने गरी यसै कानुनभित्र कस्तो व्यवस्था गर्ने भन्ने बारेमा मस्यौदामा ध्यान पुग्न सकेको छैन । यस्तो अवस्थामा भोलि प्रत्येक प्रदेशले आफ्नो प्रदेशका लागि प्रदेशस्तरीय मिडिया काउन्सिल बनाउने स्थिति सिर्जना हुन सक्छ ।

त्यस्तै यस विधेयकले सञ्चार सामग्रीको नियमन प्रादेशिक तथा स्थानीय तहबाट पनि हुन सक्ने हो वा होइन भन्ने स्पष्ट उल्लेख गरेको छैन । संविधानको अनुसूची ६ मा प्रदेशको अधिकारको सूचीमा रेडियो, एफएम, टेलिभिजन सञ्चालन गर्ने अधिकार सुनिश्चित गरिएको छ, भने अनुसूची ८ मा स्थानीय तहलाई एफ एम सञ्चालनको अधिकार दिइएको छ । सञ्चार माध्यम सञ्चालनसागै नियमनको विषय पनि आउाछ । तसर्थ विधेयकले प्रादेशिक तथा स्थानीय तहमा सामग्रीको नियमन सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गर्नु उपयुक्त हुन्छ ।

दफा ६ (१) (घ) मा मिडिया काउन्सिलमा 'प्रत्येक प्रदेशबाट एक जनाको दरले कम्तीमा तीन जना महिला रहने गरी सात जना' रहने भन्ने व्यवस्था रहेको छ । तर यस प्रक्रियामा प्रदेशको सहभागिता कसरी हुन्छ, उनीहरूको भूमिका के रहन्छ, प्रदेशले मिडिया काउन्सिलमा कसरी अपनत्व महसुस गर्छन् भन्ने बारेमा ध्यान पुऱ्याइएको छैन ।

### सुझाव:

- सङ्घीयताको मर्म बमोजिम विधेयकलाई सङ्घीय संरचनाको प्रतिनिधित्व, सहभागिता र अपनत्व रहने किसिमबाट सम्बोधन गरिनुपर्छ।
- प्रदेश तथा स्थानीय तहमा सञ्चार सामाग्री नियमनसम्बन्धी व्यवस्थालाई प्रस्ट्याइनुपर्छ ।

## ५) प्रत्यायोजित अधिकारले कार्यपालिकाको

यस विधेयकले कार्यपालिकालाई व्यापक प्रत्यायोजित अधिकार दिएको देखिन्छ । ऐनमा नै व्यवस्था गरिनुपर्ने सारवान् विषयहरूलाई समेत मन्त्रालयको तजविजी प्राधिकारमा छोडी 'तोकिए बमोजिम हुने छ' भन्ने व्यवस्था गरिएको छ । यसरी विधायिकाले निरूपण गर्नुपर्ने विषय कार्यपालिकालाई प्रत्यायोजन गरिदा विधायीकी अधिकारमा सङ्कुचन हुन पुग्छ भने स्वायत्त भनिएको काउन्सिल मन्त्रालयले तोकेको नियमका आधारमा सञ्चालन हुनेछ ।

### सुझाव:

- संसद्ले निरुपण गर्नुपर्ने सारवान् विषय (substantive issues) लाई तोकिए बमोजिम हुनेछ भनी कार्यपालिकाको क्षेत्राधिकारमा पठाउने प्रवृत्तिमा सुधार गर्दै विधायिकाले छलफल गरी टुङ्ग्याउनुपर्ने विषय ऐनमा नै विस्तृत रुपमा उल्लेख गरिनुपर्छ। यस सम्बन्धमा राष्ट्रिय सभामा समेत छलफल भई समितिको प्रतिवेदनमा समेत समेटिएको छ।

## ६) काउन्सिलको अध्यक्षमा न्यायिक व्यक्ति हुनु पर्ने नपर्ने बारे अस्पष्ट व्यवस्था

यस विधेयकको दफा ७ (ग) मा काउन्सिलको अध्यक्ष हुन आवश्यक पर्ने योग्यता बारे व्यवस्था गरेको छ, जसमा अध्यक्ष हुन 'सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव सहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको' भन्ने व्यवस्था गरेको छ। यस प्रावधान अनुसार कानुन वा पत्रकारितामा विज्ञ व्यक्ति अध्यक्ष हुन सक्ने देखिन्छ। काउन्सिल एक अर्ध न्यायिक निकायका रूपमा रहेको र त्यहाबाट पत्रकार र पत्रकारिता सम्बन्धी मुद्दाको सुनुवाइ समेत हुने हुनाले जसका लागि अध्यक्ष न्यायिक व्यक्ति हुन उपयुक्त हुन्छ ।

अन्तर्राष्ट्रिय अभ्यासमा पनि यस्ता अर्ध न्यायिक निकायका प्रमुखमा न्यायिक व्यक्ति रहने व्यवस्था गरेको पाइन्छ। त्यसैले अध्यक्ष हुने आवश्यक योग्यतामा न्यायिक व्यक्ति हुने पर्ने अनिवार्य गर्नु उपयुक्त हुन्छ ।

### सुझाव:

- **काउन्सिलको अध्यक्ष हुन न्यायिक व्यक्ति हुन पर्ने व्यवस्था गरिनु उपयुक्त हुने ।**

# निष्कर्ष

मिडिया काउन्सिल विधेयक २०८० ले स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जबाफदेही पत्रकारिताको विकास तथा संरक्षणको दिशा तय गर्न केही सकारात्मक कदमहरू प्रस्ताव गरेको छ। तथापि काउन्सिलको स्वतन्त्रता तथा स्वायत्तता सुनिश्चित गर्न, स्वतन्त्र पत्रकारिताको संरक्षण र प्रवर्द्धन गर्न, सङ्घीयताको मर्मअनुसार प्रादेशिक संरचनाको सम्बोधन र अपनत्व सुनिश्चित गर्न र स्वनियमनलाई प्रोत्साहन गर्न विधेयकका विभिन्न प्रावधानहरूमा पुनर्विचार गरिनु आवश्यक छ।

# हाम्रो बारेमा

प्रविधि अधिकार नेपाल (DRN) सन् २०२० मा स्थापित नेपालमा डिजिटल अधिकारको संरक्षण र सुरक्षित अनलाइन वातावरणको विकासमा समर्पित गैर नाफामूलक संस्था हो । नागरिक अधिकार अभियन्ताहरु तथा विशेषज्ञहरु संलग्न प्रविधि अधिकार नेपालले अनलाइन अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता संरक्षण, सूचनामा पहुँच, र साइबर सुरक्षा प्रवर्धन गर्न क्षमता अभिवृद्धि पहलहरूमा संलग्न रहदै अनुसन्धान, अध्ययन तथा नीति सुधारका लागि वकालत गर्दछ । मानव अधिकार र डिजिटल अधिकार वकालतकर्ताहरुका नेतृत्वमा प्रविधि अधिकार नेपालले स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको डिजिटल परिदृश्यलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका निभाएको छ। प्रविधि अधिकार नेपालको कामको बारेमा थप जानकारीको लागि, कृपया www.igitalrightsnepal.org मा जानुहोस् ।

Digital Rights Nepal

**Phone:** +977-9767245100
**Address:** Neel Saraswoti Marga, Gairidhara - 2, Kathmandu
**Email:** info@digitalrightsnepal.org
**Web:** www.digitalrightsnepal.org